# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## दुहुँ गाउँपालिका
## दार्चुला

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

दुहुँ गाउँपालिका

दार्चुला

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## दुहुँ गाउँपालिका

## दार्चुला

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. १०७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

दुहुँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दार्चुला ।

१. **कैफियत सहितको राय** — हामीले दुहुँ गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ९ लाख ६५ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रु.१ लाख ७५ हजार फस्यौंट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड ७८ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१४ लाख ५० हजार, नियमित गर्नुपर्ने रु. ६ लाख ४७ हजार र पेश्की बाँकी रु.८ लाख समेत रु.२ करोड ७ लाख ९४ हजार रहेको छ । दुहुँ गाउँपालिकाको गतवर्ष सम्म रु.६ करोड ९७ लाख १४ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.८ करोड ११ लाख २६

हजार रहेको छ । दुहुँ गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने दुहुँ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी दुहुँ गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

# दुहुँ गाउँपालिका, दार्चुला ।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५३ | १६ | २०९६९ | ० | ४ | १७५ | ५३ | १२ | २०७९४ | १७८९७ | ६४७ | १४५० | ० | ० | २०९७ | ८०० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | ६९७१४ | ० | ९३८२ | ६०३३२ | ० | २०७९४ | ८११२६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | **२०७९।८०** | १४ | पदाधिकारी तथा कर्मचारी थप सुविधा | ५७०७२ |
| २ | **२०७९।८०** | ३६ | नर्म्स बेगर भुक्तानी | ९३६०० |
| ३ | **२०७९।८०** | २६.७ | पोषण सुधारका लागि विद्यालय खानेपनी तथा सरसफाई योजनामा बढी भुक्तानी | १३९०३ |
| ४ | **२०७९।८०** | ४१ | बैठक भत्ता भुक्तानी | ११०८५ |
| | **चालु वर्षको जम्मा** | | | १७५६६० |
| **गत विगत वर्षतर्फको** | | | | |
| ५ | **२०७८।७९** | | NAMS को अनुसूचिबाट प्राप्त विवरण अनुसार विभिन्न दफाको सम्परीक्षण भएको रकम | ५५८२१२९ |
| ६ | **२०७७।७८** | विभिन्न दफा | NAMS को अनुसूचिबाट प्राप्त विवरण अनुसार विभिन्न दफाको सम्परीक्षण भएको रकम | ३८००३०१ |
| | **गत विगतको जम्मा** | | | ९३८२४३० |
| | **कुल जम्मा** | | | ९५,५८,०९० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१.

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडारहेको छ भने क्षेत्रफल ६५.३५ वर्ग किलोमिटर तथा १०८१८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२० देखि २०८०।६।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय र व्ययतर्फ रु. ८० करोड ९३ लाख २० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २८,८५०। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

,,

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | शिक्षक तलव बढी भुक्तानी | २२८९८ |
| २ | महाकालि सेति एग्रोभेट | ३६०६ |
| ३ | नेपाल भेट फार्मा महेन्द्रनगर | २३४६ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२. **वित्तीय विवरणको यथार्थता** -पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ५,२०,००,६२८ र गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.४,६३,००० समेत गरी रु. ५,२४,६३,६२८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** - आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास लक्ष्य (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत

गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।कार्यालय प्रमुखबाट अनिबार्य रुपमा खर्चका विल भरपाई प्रमाणित गर्नुपर्दछ ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार गाउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४. संगठन तथा कर्मचारी व्यवस्थापन-

४.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

---

४.२ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१,५३,०५,९१४ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन साथै कार्यवोझको आधारमा O&M गरी कानुन बमोजिम पारदर्शि हिसावले मात्र कर्मचारी नियुक्ति गर्नुपर्ने सो वेगर कर्मचारी करारमा नियुक्ती गरी खर्च लेखेको देखियो ।

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| ईन्जिनियर अ.छैठौ | १ | ५६७९५७ |
| सव ईन्जिनियर पाचौ | १ | ३९०००० |
| अ.स ई चौथो | २ | ६५०००० |
| अधिकृत छैठौ | १ | ५६७९५७ |
| कृषि चौथो | ११ | ३५७५००० |
| कार्यालय सहायक चौथौ | ४ | १३००००० |
| हे अ पाथौ | २ | ७८०००० |
| अनमी | ४ | १३००००० |
| स्वास्थ्य चौथो | १७ | ५५२५००० |
| स.क.अ. | १ | ३२५००० |
| ल्या.टे | १ | ३२५००० |

| जम्मा | १५३०५९१४ |
|---|---|

४.३ **अवकास कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी अवकास कोषमा रकम व्यवस्था गरे पनि निकासा गरेको देखिएन । कोषको सञ्चालन सम्बन्धी पालिकाबाट ऐन कानुनको तयार गरी अवकास कोषको व्यवस्था गर्नुपर्दछ ।

## ५ बजेट तथा कार्यक्रम -

५.१ **योजनाप्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार वडागत र पालिकास्तरका कुल १२९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.१० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि १० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | वडा तथा पालिका स्तरिय | १२९ | ३६ | १५ | ७८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १२८ योजनामात्र कार्यान्वयन भई १ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

५.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको

खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

---

५.३ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

• **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

---

५.४ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पहिलो वर्षमा आगामी आर्थिक वर्षको वार्षिक बजेटलाई समावेश हुन्छ र तत्पश्चातका दुई वर्षको लागि बजेटको प्रक्षेपण गरिन्छ । पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि पुन अर्को मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने हुन्छ ।यसरी नयां मध्यमकालीन खर्च संरचना तयार गर्दा जसमा अघिल्लो वर्षको वजेटको प्रगति समीक्षाको आधारमा उक्त समयमा गरिएको दुई वर्षको तत्कालीन प्रक्षेपणलाई परिमार्जन गर्नु पर्ने भएमा परिमार्जन गरी आगामी थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्न मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयारको लागि परामर्शदाता बाट तयार गरेकोमा यो बर्ष नियमानुसार कार्य गरेको देखिएन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

•**त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १०४७७८ | ० | ११३३५ | २१०३९ | ७२४०४ | ३८६३५ |
| प्रतिशत | १०० | ० | ६.७६ | १२.५५ | ४३.२ | २३.०५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१० करोड ४७ लाख ७८ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा शून्य खर्च, दोस्रो त्रैमासिकमा रु.१ करोड १३ लाख ३५ हजार (६.७६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड १० लाख ३९ (१२.५५ प्रतिशत) र त्रैमासिकमा रु.७ करोड २४ लाख ४ ( ४३.२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३ करोड ८६ लाख ३५ हजार (२३.०५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

• **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१०,३५,८५,०१९.८० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ३ करोड ३९ लाख १५ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेट रु. ४२ करोड २८ लाख १२ हजारको तुलनामा ८ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

५.५ **खर्च विश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु २९,९८,८६५.६२ राजस्व बाँडफाँड र अनुदानबाट र३७,८०,२६,३५२.४ समेत रु.४३,४८,६०,५४९.३७। आम्दानी भएकोमा चालु तर्फ रु.२१६१५७८०२.०६ र पूँजिगत तर्फ रु.१०३५८५०१९.८० र समेत रु.३९३२७०९१९.११ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५८,२५,०००। खर्च भएको छ जुन आन्तरिक आयको १९४.२४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४९.७० प्रतिशत चालु र २३.८२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | २२३८७५००. | १२७९२७०५. | ३.८३ |
| २ | सामाजिक विकास | १७९९६१०००. | १६९८१३९९८.१३ | ५०.८ |
| ३ | पूर्वाधार विकास | १२५०२०२०९.५२ | ६५२००३८०. | १९.५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २३४९४०००. | २३०२४०९१. | ६.८९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७१९४९९२२. | ६३४७१४७६.३३ | १८.९९ |
| **जम्मा** | | **४२२८१२६३१.५२** | **३३४३०२६५०.४६** | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.८ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ३.८३ प्रतिशत रहेको छ ।

५.७ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक

योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## ६. राजस्व आन्तरिक नियन्त्रण -

६.१ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,३९,४५५.००। कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

६.२ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७५१३११३५।२० | २९,९८,८६५.६२ | १.७१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | १००००.०० | ८,७९३.८० | ८७.९ |
| भुमिकर/मालपोत | ३०००००.०० | २९३५९०.८ | ९७.९ |
| व्यवसाय कर | १५००००.०० | १३९४५५.०० | ९३ |
| वहाल विरौटी शुल्क | २०,०००.०० | ० | ० |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ८५०००००.०० | ५५९६२०.०० | ६.६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

---

६.४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

• **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,०१,८०,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०७९।८० मा रु.२९,९८,८६५.६२अर्थात अनुमान भन्दा ७०.५४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

---

## ७ कानून निर्माण एवं कार्यान्वयन -

७.१ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५६ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ११ वटा नियमावली, ३८ कार्यविधि लगायत ६१ वटा कानुन निर्माण गरेकोमा यस बर्ष २१ वटा नया कानून बनाई कार्यान्यनमा ल्याएको छ ।

---

७.२ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष

थप भएको ८ गरी कुल ११ विवाद दर्ता भएकोमा ८ वटा मात्र फस्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८. **पेश्की बाँकी**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने तथा नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको तथा म्याद ननाघेको पेश्कीको अभिलेख व्यवस्थित गरी फस्र्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९. **लघु उद्यम विकास कार्यक्रम**-लघु उद्यम विकास कार्यक्रमः गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को नियय ४१ अनुसार उद्यमीलाई उद्योगको प्रकृति,आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने र उपलब्ध गराईने प्रविधिको कूल लागतको कम्तिमा बिस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने तथा सञ्चालित सिप विकास तालिमबाट उत्पादन भएका समाग्रिहरुको विक्रिबाट प्राप्त भएको राजस्व संकलन गरी पालिकामा जम्मा गर्नुपर्ने उल्लेख छ । तर कार्यालयबाट यस बर्ष प्रविधि हस्तान्तरण अन्तरगत मेसिन खरिद गरी रु.६,९९,४६० खर्च लेखेकोमा खरिद सामाग्रीहरु उद्यमीहरुलाई वितरण गरी कम्तिमा २० प्रतिशत रकम असुल गरी बाँकी ८० प्रतिशत मात्र भुक्तानी गर्नुपर्नेमा पुरै रकम भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.१,३९,८९२ रकम सम्बन्धित उद्यमीहरुबाट असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने तथा सिप विकास तालिमबाट उत्पादित सामाग्रिहरुको विक्रिबाट प्राप्त आय राजस्व जम्मा गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३९,८९२ |

१०. **गरिव घर परिवार परिचय पत्र**-नेपाल सरकारले यस जिल्लामा गरिव घर परीवार पहिचान कार्यक्रम संचालन गरी गरिव घरपरिवार परिचयपत्र वितरण गरिसकेको अवस्था छ । यस वर्ष पालिकाले आर्थिक सहायता वापत २९ जनालाई रु ९,९०,००० वितरण गरेको छ । उक्त सहायता प्रदान गर्दा अति विपन्न, आर्थिक अवस्था कमजोर रहेको जस्ता सिफारिश पेश गरेको देखिन्छ । सरकारले पहिचान गरी वितरण गरेको गरिव घर धुरी परिचयपत्रलाई आधार प्रमाण लिई सहायता दिएको देखिदैन । साथै, पालिकाले कार्यपालिकाको निर्णयानुसार वडा नं. ५ का वडाध्यक्ष श्री मनोरथ भट्ट मृत्यु भएका कारण नीजको परिवारलाई रु ५ लाख आर्थिक सहायता प्रदान गरेको छ । कार्यपालिकाबाट कार्यविधि उल्लेख नभएको व्यवस्था बमोजिम एकै जनालाई रु ५ लाख आर्थिक सहायता प्रदान गर्नु नियसम्मत देखिदैन । यस्तो कार्यमा सुधार गरि आर्थिक सहायता प्रदान गर्दा सेवाग्राहीको गरिव घरपरिवार परिचयपत्रलाई प्रमाण लिई आर्थिक सहायता प्रदान गर्नुपर्दछ ।

११. **घरभाडा**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(११) मा सार्वजनिक निकायले वार्षिक पाँच लाख भन्दा बढी भाडा तिर्नुपर्ने गरी घर भाडामा लिनुपरेमा नियम ९४(४) बमोजिम प्रमुख जिल्ला

अधिकारीको अध्यक्षतामा रहने समितिबाट घर भाडा निर्धारण गर्नुपर्ने व्यवस्था छ । यस जिल्लाबाट कायम भएको जिल्ला दररेट अनुसार गाडी जाने बाटो भएकोमा रु १५। प्रति वर्ग फिट गाडी जाने बाटो नभएकोमा रु १३। प्रति वर्गफीट उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा रु १२,५४,६५४ घर भाडा वापत भुक्तानी गरेको छ । नियममा भएको व्यवस्था बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिबाट भाडा निर्धारण गरेको छैन । साथै पालिकाले कोठाको क्षेत्रफललाई आधार नलिई सिधै सम्झौता गरेको देखिएकोले भाडा निर्धारण कानून सम्मत भएको देखिएन । यस्तो कार्यमा सुधार गरी कानून बमोजिम भाडा निर्धारण गरी सम्झौता गर्नुपर्दछ ।

१२. **भ्रमण खर्च**-भ्रमण खर्च नियमावली २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने, भ्रमणबाट फर्के पश्चात उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शिर्षकमा रु.१६,२०,७८२ खर्च लेखेको देखियो ।

लेखापरीक्षणको क्रममा संकलन गरिएको विवरण अनुसार गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीले सबैले दैनिक भ्रमण भत्ता प्राप्त गरेको देखियो । कार्यालय प्रमुख, लेखा प्रमख, प्राविधि शाखा प्रमुख, प्रशासन शाखा हेर्ने कर्मचारी, जिन्सी हेर्ने कर्मचारी, योजना हेर्ने कर्मचारीनै औचित्य नखुल्ने गरी भ्रमणमा जाने गरेको देखिएको छ । भ्रमण खर्च भुक्तानी भएका सवैजसो भ्रमण आदेशमा भ्रमणको स्पष्ट उद्देश्य र कारण नखुलाई कार्यालयको कामकाजको लागि भनी उल्लेख गरेको कर्मचारी वा पदाधिकारी भ्रमण गई कार्यालयको काम सम्पादन गरेको पुष्टि हुने प्रमाण तथा भ्रमण प्रतिवेदन पेश हुने नगरेकोले भ्रमण खर्च सरकारी कामको लागि नै हो भनि यकिन गर्ने अवस्था देखिएन । पेश भएका भ्रमण आदेश तथा भ्रमण विल लगायत कागजातबाट भ्रमण खर्चको औचित्य पुष्टि हुने देखिँदैन । वडा सचिव, कार्यालय सहयोगी, वडा अध्यक्ष, सदस्य लगायत अधिकांश पदको कार्य विवरण अनुसार पालिका बाहेक अन्यत्र खासै काम नहुनेमा प्रत्येक महिना कार्यालयको कामकाज उल्लेख गरी जिल्ला सदरमुकाम दार्चुला तथा जिल्ला वाहिर धनगढी लगायत स्थानमा गएको देखाउने गरेको पाइयो । जुन भ्रमणको औचित्य पुष्टि हुने देखिँदैन । भ्रमणमा खटाउने सम्बन्धमा कार्यालय प्रमुखले आन्तरीक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरेको देखिएन । यसरी आवश्यकता र औचित्य वेगर भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण गर्ने परिपाटीमा अविलम्ब नियन्त्रण हुनुपर्दछ ।

१३. **इन्धन तथा मर्मत खर्च**-पालिकासँग २ वटा डोजर, १ एम्वुलेन्स र २ वटा मोटरसाइकल रहेको छ । उक्त २ वटा डोजर पालिका क्षेत्रमा रहेको भएपनि २ वटा मोटरसाइकल जिल्ला सदरमुकाममा राखेको देखियो । वार्षिक रुपमा डोजर कति समय अवधि प्रयोग भएको हो भन्ने पालिकासँग रेकर्ड राखेको छैन । पालिका भित्र डोजर प्रयोग भएको स्थान खुल्ने गरी प्राविधिक नापजाँच प्रमाण तथा पालिका वाहिर प्रयोग भएकोमा आम्दानी प्राप्त भएको प्रमाण रहेको देखिदैन। पालिकाले २ वटा डोजरबाट रु ८,०९,६२० आम्दानी गरेको गरेको छ भने उक्त डोजरको इन्धन खर्च र मर्मत खर्च वापत रु २४,४१,३०१ लेखेको

छ । यस खर्चमा २ वटा मोटरसाइकल मर्मत खर्च पनि समावेश रहेको छ । पालकाले मर्मत खर्च रु १० लाख तथा इन्धन वापत रु १४,४१,३०१ खर्च लेखेको छ । स्पष्ट प्रयोजन नदेखिने २ वटा वाइक र डोजरमा आम्दानी भन्दा तेब्बर खर्च भएको रकम उपयुक्त हो भन्न सकिने आधार देखिदैन । इन्धन तथा मर्मत खर्चका विजकमात्र समावेश गरी खर्च लेख्ने कार्यमा अविलम्व नियन्त्रण गर्नुपर्दछ । साथै डोजर प्रयोग हुने स्थान खुलाई प्राविधिक विजकका आधारमा खर्च लेख्नुपर्दछ ।

इन्धन खर्च लेख्दा खप्तड आयल राजपुर कैलालीलाई एउटै विजकबाट रु ६,२०,६९९ भुक्तानी गरेको छ । जुन खर्चको औचित्य पुष्टि हुदैन । साथै पालिका वाहिर रहेका मोटरसाइकलको भौचर नं. १७१-२०७९।१०।२० मा मर्मत खर्च रु ६२,९०० लेखेको कारण पुष्टी हुने देखिदैन । कार्यक्षेत्रभन्दा वाहिर भएका यस्ता खर्चमा प्रमाण पुष्ट्याई हुने कागजात संलग्न राख्नुपर्दछ । इन्धन खर्च गर्दा लगसिट प्रमाणित गराई औचित्य पुष्टी हुनेगरी गर्नुपर्दछ ।

१४. **पदाधिकारी तथा कर्मचारीलाई थप सुविधा** - .......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२३ को निर्णयबाट रु.५७,०७२ सम्परीक्षण गरिएको ।)

१५. **सार्वजनिक सुनुवाई** - सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ को दफा ३० र सुशासन व्यवस्थापन तथा संचालन नियमावली, २०६५ को नियम१९ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालयका प्रमुखले आफू वहाल रहेको कार्यालयको काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।यस्तो सुनुवाई गर्दा विषयसँग सम्वन्धित विशेषज्ञ, सरोकारवाला, नगारिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारीलाई समेतको आमन्त्रण गरी प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनुपर्ने व्यवस्था छ । यस्तो सार्वजनिक सुनुवाई गर्दा कार्यालय प्रमुखले सुनुवाईको वहसलाई विषय केन्द्रित गराउन एकजना सार्वजनिक सुनुवाई सहजकर्ता (मोडोरेटर) नियुक्त गरी कार्यक्रम संचालन गर्नुपर्नेमा संघिय मिडिया फोरमलाई सम्पूर्ण कार्यको लागि सम्झौता गरी रु ५,२२,२५० भुक्तानी गरेको छ । पालिकाले सूचना तथा संचारको लागि स्थानीय रेडियो तथा पत्रपत्रिकासँग वार्षिक सम्झौता गरी सन्देश प्रशारण गर्ने सम्झौता गरेको तथा मोडोरेटर नियुक्त गरी संचालन गर्न सक्ने अवस्थामा पालिकालाई बढि व्ययभार पारेको देखिन्छ । यस्तो कार्यमा सुधार गरी खर्च मितव्ययीता अपनाउनुपर्छ ।

१६. **ई-हाजिरी डीभाइस खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तीको समुचित उपयोग भएको र सम्पत्ती हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था रहेको हुनुपर्ने व्यवस्था छ । लागत अनुमान तयार नगरी तथा उपयोग गर्नु सकिने सुनिश्चित नभई पालिकाले परफेक्ट एक्टिभ सोलुसनबाट १५ थान इ-एटेन्डेन्स सफ्टवेयर रु ९,९७,५०० मा खरिद गरेको देखियो । लेखापरीक्षणको क्रममा उक्त डिभाइसको अवस्था सोधनी हुदा विद्युत्त र इन्टरनेटको कारण हाल संचालनमा नरहेको जानकारी प्राप्त भएको छ । विद्युत्त र इन्टरनेटको सुविधा नहुदै यस्तो सामानहरु खरिद गरेर भण्डार गरेको देखियो । खरिद गरेका समान प्रयोग नगरी राख्दा विग्रन सक्ने र समयक्रम सँगै नयाँ प्रविधिमा आधारित कम मूल्यमा उक्त सामानहरु

पाउन सकिने हुदाहुदै प्रयोग हुन नसक्ने सामान खरिद गर्नु हुदैन । यस्तो कार्यमा सुधार गरी आवश्यकताको आधारमा मात्र सामान खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१७. **प्रमाण कागजात -** सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको कारोबारमा देहाय बमोजिमका प्रमाणहरु राखेको देखिएन । लेखापरीक्षणको समयमा सोधनी हुँदा उक्त कार्य भएको प्राविधिक तथा लेखा शाखाबाट जानकारी भएको छ । कानून बमोजिम रित पुऱ्याई भुक्तानी दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१८. **मसलन्द तथा कार्यालय सामाग्री -** मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा यस वर्ष रु ५६,४२,८५५ बजारमा गई समानहरु खरिद गर्ने गरेको देखियो । उक्त रकमको खरिद कार्य गर्दा नियमानुसार बोलपत्रको माध्यमबाट खरिद नगरी पटक पटक सोझै खरिद गर्ने गरेको देखिन्छ । सामान खरिद गरी ल्याएपछि नापजाँच गरी जिन्सी खातामा आम्दानी जनाई ती सामान प्रयोगकर्ता कर्मचारीहरुको माग फारामको आधारमा जिन्सी खाताबाट खर्च जनाउनुपर्नेमा कतिपय सामानहरु जिन्सी आम्दानी नजनाउने, माग फाराम स्विकृत नगर्ने, माग फारामहरु व्यवस्थित नराख्रे, जिन्सीबाट माग फारामको आधारमा खर्च नघटाई जिन्सी खातामा पुरै मौज्दात देखाउने, बर्षान्तमा खर्च नभएको सामानको मौज्दात विवरण तयार नगर्ने, जिन्सी निरीक्षण तथा मौज्दात परीक्षण नगरेको स्थिति देखियो । जिन्सी शाखामा कार्यरत व्यक्तीले पाम्स संचालन गर्न नसकेको अवस्था देखियो । माग गरेका विवरणहरु लेखापरीक्षणको क्रममा प्राप्त भएनन । खरीद भएका सामानहरुको अभिलेख तथा प्रयोगको अवस्था सम्बन्धमा जिन्सी खाताबाट यकिन गर्ने स्थिति देखिदैन । यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

पूजिगत शिर्षकको भौचर नं. १११-२०८०/२/१०बाट खरिद भएका ५ वटा ल्यापटप २ थान खातामा प्रविष्टी भएको भएतापनि बाँकी ल्यापटप सहायक खातामा देखिदैन । सम्वन्धित स्टोर प्रमुखलाई सोधनी हुदा निजबाट ३ वटा ल्यापटपको अवस्था एकिन गर्न सकेको देखिएन । उक्त ३ वटा ल्यापटप खरिद भएको छ र प्रयोगमा छ भनी एकिन गर्न सकिएन । उक्त ल्यापटप अवस्था एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५१,४०६ |

१९. **जिन्सी निरीक्षण प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थामा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई महालेखापरीक्षकबाट स्विकृत ढाँचामा सम्पत्ती तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । जिन्सीमा जिन्सीसँग सम्वन्धित

जनशक्ती राखेको छैन । लेखापरीक्षणको क्रममा माग भएका जिन्सी मालसामन फिर्ता फारम म.ले.प.फारम नं. ४०४, सम्पत्ती खाता खर्च भएर जाने म.ले.प.फारम नं. ४०७ र खर्च भएर नजाने म.ले.प.फारम नं.४०८, जिन्सी निरीक्षण फारम म.ले.प.फारम नं.४११, जिन्सी सहायक खाता म.ले.प.फारम नं. ४१२, सम्पत्ती/जिन्सी मालसामानको वार्षिक विवरण म.ले.प.फारम नं.४१३, मर्मत आवेदन तथा आदेश फारम म.ले.प.फारम नं. ४१४, मर्मत सम्पन्न फारम म.ले.प.फारम नं. ४१४ क, मर्मत अभिलेख खाता म.ले.प.फारम नं.४१५, भाडामा दिएको/लिएको सम्पत्ती अभिलेख किताव म.ले.प.फारम नं.४१६, सरकारी जग्गाको लगत किताव म.ले.प.फारम नं. ४१७, सरकारी भवनको लगत किताव म.ले.प.फारम नं. ४१७ क, सम्पत्ती मूल्यांकन फारम म.ले.प.फारम नं. ४१८, खरिद सम्पत्ती गोश्वरा लगत म.ले.प.फारम नं.५०७ लगायतका जिन्सी मालसमानको अभिलेखीकरण गर्ने फारमहरु आंशिक तयार गरेको छ भने अधिकांश तयार गरेको देखिएन । आंशिक तयार गरेका फारमहरु (जिन्सी सहायक खाता म.ले.प.फारम नं. ४१२ ) अद्यावधिक गरेको छैन । यसबाट पालिकाको जिन्सीको यथार्थ अवस्था एकिन गर्न सकिने अवस्था रहेन । कानूनमा भएको व्यवस्था बमोजिमका म.ले.प.फारम नं.हरु तयार गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

२०. **जर्सी गाई खरिद** - कृषकलाई जर्सी गाई वितरण गर्न सिद्धवाबा गाई भैसी पालन तथा दाना उद्योगसँग १६ वटा गाई खरिद गरेकोमा ना.प.से.प्रा धिरेन्द्र सिँह धामीलाई रु ७,३८,००० भुक्तानी भएको छ । कृषकसँग ७० प्रतिशत रु ७,३८,००० पालिका र ३० प्रतिशत रु ३,१६,२८५ कृषकको रहने गरी गरेको उक्त सम्झौतामा पेश भएका विजको जम्मा खर्च रु ९,७८,००० भएको देखियो । भुक्तानीको लागि रु २,०३,००० सिफारिस भएकोमा रु ३५७०००। भुक्तानी भएको छ । जम्मा खर्च रु ९,७८,००० को ७० प्रतिशतले हुने रु ६,८४,६०० भुक्तानी हुनुपर्नेमा रु ५३,४०० बढी भुक्तानी भएकोले असुल हुनपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,४०० |

२१. **मेशिनरी औजार खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तीको समुचित उपयोग भएको र सम्पत्ती हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था रहेको हुनुपर्ने व्यवस्था छ । पालिकाले खरिद गरेको रु १,२६,७४० का भेटेनरी औजारहरु प्रयोग नगरी भण्डार शाखामा रहेको देखियो । उपयोग नहुने किसिमका उक्त सामानहरु खरिद गरी मौज्दात राख्नु नियमसम्मत देखिदैन । यस्तो कार्यमा सुधार गरी आवश्यकताको आधारमा मात्र सामान खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२२. **गत वर्षको भुक्तानी बाँकी** - गत वर्षको भुक्तानी दिन बाँकी चालुतर्फ र पूजिगत तर्फका कारोबारको लेखाप्रमुख र प्रशासकीय प्रमुखबाट प्रमाणित गराई वार्षिक बजेटमा समावेश गरी सबै कारोवारको रु ८,६५,९२२ भुक्तानी दिएको छ । उक्त विवरणमा के कारणले दायित्व सरेको हो उल्लेख गरेको छैन । सम्पूर्ण कार्यहरुको आर्थिक वर्षको अन्तमा भुक्तानी गरी दायित्व सृजना गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

२३. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन ।योजनामा पिसिसि गरेको काम भए पनि सोको विल भर्पाई नरहेको तथा लागत अनुमान तयार गर्दा एउटा कामको लागि कति मानिस लाग्ने हो भनि यकिन नगरी निश्चित मानिसलाई १०० दिन रोजगारी पुऱ्याउने उद्देश्यले लागत अनुमान तयार गरी भुक्तानी गरेको देखिन्छ । कामका लागी रोजगार कार्यक्रममा पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा घोरेटोबाटो निर्माण, तटवन्धन, अन्य विद्यालय भवन मर्मत लगायतका २० वटा कार्यक्रम सञ्चालन गरी १८४ जनालाई औषत ९८.४ दिन रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु.१,०४,४४,२७७ खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

२४. **कालिज प्रवर्द्धन कार्यक्रम** - कालिज प्रवर्द्धन कार्यक्रमः२५५।०८०।३।२३ लागत साझेदारीमा पशुपन्छि प्रबर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया सम्बन्धि मार्गदर्शन,२०७७ को दफा ५ बमोजिम कार्यक्रम सञ्चालनको लागि अनुसूची ७ मा उल्लेख गरेको अनुसारका पशुपन्छी खरिद गर्न कम्तिमा ८० प्रतिशत छुट्याउनुपर्ने र अन्य कार्यको लागि २० प्रतिशत रकम छुट्याई कृषकसँग सम्झौता गर्नुपर्ने उल्लेख छ । कालिज प्रर्वद्धन कार्यक्रमकालागि पालिकाले ३ वटा कृषि फर्मसँग रु.५ लाखको लागत अनुमान तयार गरी प्रति फर्मलाई रु.२,५२,००० बराबरको काजिलका चल्ला,दाना,जाली र भाडा खरिद गर्ने बाँकी रु.२,४८,००० को फर्मले खोर निर्माण गर्ने गरी सम्झौता गरेको देखियो । पालिकाले सो कार्यकोलागि रु.८,६४,९०० खर्च र लागतमा समावेश नगरी अन्य भ्रमण,अनुगमन तथा बैठकमा रु.८५ १०० गरी रु.९,५०,००० खर्च गरेकोमा लागत भन्दा रु.१,०८,९०० बढी खर्च गरेको देखियो । कृषकले तयार पार्ने भनि सम्झौतामा उल्लेख गरेको खोर निर्माणको लागत अनुमान,नापी किताव तथा प्राविधिक मूल्याङ्कन समेत तयार नगरी अनुदानको रकम मात्र खर्च गरेकोले कार्य भएको हो होईन यकिन गर्न सकिएन ।

२५. **नर्म्स भन्दा बाहिरको खर्च** - अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिम तथा गोष्ठिमा उपस्थित सहभागिलाई यातायात खर्च दिदाँ २ सम्मको लागि एकमुष्ट रु.२०० र २ दिन भन्दा बढीकोमा एकमुष्ट रु.५०० भुक्तानी दिन सकिने उल्लेख छ । पालिकाबाट सञ्चालन भएको एक दिने नागरिक आरोग्य कार्यक्रममा सहभागि ६२ जनालाई प्रति दिन

रु.५०० का दरले रकम भुक्तानी गरेको देखियो । कार्यक्रममा निर्देशिकाले तोकेभन्दा बढी हुने गरी भत्ता वितरण गरेको देखियो । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

२६. **शिक्षा तर्फ -**

२६.१ **अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण सिकाई अनुदान तथा दरबन्दी नभएका विद्यालयमा बार्षिक प्रति विद्यार्थि लागत अनुदान र शिक्षण सिकाई अनुदान शीर्षकमा निकासा दिने गरे पनि पालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि, विद्यालयको O&M नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी पालिकाबाट नियुक्त गरी सहजकर्ता शिक्षकको बार्षिक रु.१,३३,२६,०८७ खर्च लेखेको देखियो । एउटै शीर्षकमा विना कार्यविधि पालिकाबाट दोहोरोपना हुने गरी खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२६.२ **विद्यालय अनुदान -** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० अनुसार विद्यालयलाई दिने अनुदान यकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकामा १९ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको यकिन हुने अवस्था छैन । नियममा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

२६.३ **शिक्षक दरवन्दी र पदपूर्ति -** शिक्षा ऐन,२०२८ १६ च१ अनुसार जिल्ला शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्ने जस अनुसार हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ । नियमावलीमा प्राथमिक विद्यालयमा शिक्षक एक जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीन जना, निम्न माध्यमिक विद्यालयमा चार जना र कक्षा १ देखि ८ सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा सात जना शिक्षक रहने व्यवस्था रहेको छ। पालिकाको ऐनमा भएको व्यवस्था अनुसार कार्याव्वयन गरेको देखिएन । ऐनको पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

| **सि.नं.** | **विद्यालयको नाम** | शिक्षककोसंख्या | विद्यार्थीसंख्या | विद्यार्थिशिक्षकअनुपात |
|---|---|---|---|---|
| १ | श्रीगौरिलमाण्डौ मा.वि.हिकिला | २२ | ५९४ | २७ |
| २ | श्रीजनविकास मा.वि.बारबाज | २६ | ४७० | १८.१ |

| | | | | |
|---|---|---|---|---|
| ३ | श्रीगणेश मा.वि.सिमली | १२ | २०५ | १७.१ |
| ४ | श्रीधारीपाटा मा.वि.धारी | १३ | २४४ | १८.८ |
| ५ | श्रीपिपलचौरी मा.वि.बीण | १३ | १९८ | १५.२ |
| ६ | श्रीभवानी आ.वि.भगनाडी | ४ | ५० | १२.५ |
| ७ | श्रीटुडिखेल आ.वि.खर्रा | ३ | ४२ | १४ |
| ८ | श्रीहुनैनाथ आ.वि.बस्पाली | ४ | ६९ | १७.२५ |
| ९ | श्रीसोविधार आ.वि.सौतोली | ३ | १८ | ६ |
| १० | श्रीमष्टकैदार आ.वि.गोकुल | ५ | ८७ | १७.४ |
| ११ | श्रीभुमिराज आ.वि.कम्दा | ५ | ६८ | १३.६ |
| १२ | श्रीदहधार आ.वि.गुना | ४ | ९६ | २४ |
| १३ | श्रीसोमनाथआ.वि.सुत्खोला | ५ | १६० | ३२ |
| १४ | श्रीदुर्गा आ.वि.गरमोरा | ३ | ६५ | २१.७ |
| १५ | श्रीब्रह्म आ.वि.पाँसु | ४ | ६० | १५ |
| १६ | श्रीभगवती आ.वि.पोक्से | ५ | ६२ | १२.४ |
| १७ | श्रीमहादेब आ.वि.फारा | ४ | ११३ | २८.२५ |
| १८ | श्रीदुर्गास्थान आ.वि.खेती | ३ | ४७ | १५.७ |
| १९ | श्रीलटिनाथ आ.वि.धामीबोहरीगाउँ | ३ | ८२ | २७.३ |
| | जम्मा | १४१ | २७३० | १९.४ |

२६.४ **पढ्दै कमाउदै कार्यक्रम -** पढ्दै कमाउदै कार्यक्रम सञ्चालन निर्देशिका,२०७८ अनुसार छनौट भएका विद्यालयले कार्यक्रम सञ्चालन क्षेत्र,क्रियाकलाप कार्यान्वयनको समय तालिका सहितको कार्ययोजना र विद्यालय व्यवस्थापन समितिको निर्णय समावेश गरी स्थानीय तहमा रकम माग गर्ने र सोको आधारमा विद्यालयसँग सम्झौता गरी पहिलो किस्तामा ५० प्रतिशत निकास गर्ने र कार्य प्रगतिका आधारमा बाँकी रकम निकास गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस बर्ष जन विकास मावि बारबाजलाई उक्त कार्यक्रमको लागि रु.१० लाख निर्देशिकाले निर्दिष्ट गरे अनुसार नगरी वर्षान्तमा विद्यालयको खातामा निकासा गरेको

देखियो । निर्देशिकाले तोके अनुसार नगरी बर्षान्तमा रकम निकास गरेको देखियो । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

---

२६.५ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं.२.७.१३.४९ मा कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरताका लागि कार्यक्रममा अतिरिक्त सिकाई,उपचारात्मक कक्षाका लागि अभ्यास कक्षा जस्ता विषयमा शिक्षकलाई कार्यमुलक अनुसन्धान गर्न लगाउने विषय समेत समावेश गरी विद्यालयबाट कार्य योजना माग गरी कार्यान्वयनका लागि अनुदान दिने र सो क्रियाकलापबाट लाभान्वित विद्यार्थिको विवरण IEMIS मा online portal मा अपलोड गरे नगरेको स्थानीय तहले अनुगमन गर्नुपर्नेमा सो नगरी १९ विद्यालयको खातामा रु.४,००,००० रकम निकासा गरेको देखियो । यस सम्बन्धमा पालिकाले अनुगमन समेत गरेको देखिएन ।

---

२६.६ **विद्यालयलाई अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार तोकिएको सुचकाङ्कका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान विद्यालयले शिक्षण सिकाई समयमापन सम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चित गरी रु.५० हजार र उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुद्धिढिकरणकालागि रु.२ लाख भुक्तानी दिने र सो रकमको निर्देशिका अनुसार मापदण्ड पालना गरे नगरेको तथा प्रस्तावका आधारमा विभिन्न सूचक निर्धारण गरी ति सूचक मूल्याङ्कन गरी उत्कृष्ट विद्यालयलाई अनुदान दिने उल्लेख छ । पालिकाको शिक्षा शाखाबाट विद्यालयको स्वःमूल्याङ्कनको आधारमा देहायका विद्यालयलाई निकासा भएको मापदण्ड र सूचक वेगर भुक्तानी भएकोले नियम सम्मत नदेखिएको रु.

| विद्यालयको नाम | अनुदानको प्रकार | रकम |
|---|---|---|
| गौरिलमाडौं मावि हिकिला | उत्कृष्ठ कार्य सम्पादनमा आधारित | २००००० |
| हुनैनाथ आवि बस्पाली | कार्य सम्पादनमा आधारित | ५०००० |
| दर्गा आवि गरमोरा | कार्य सम्पादनमा आधारित | ५०००० |
| भगवती आवि पोक्से | कार्य सम्पादनमा आधारित | ५०००० |
| जम्मा | | ३५०००० |

| | |
|---|---|
| अनियमित भएको | ३,५०,००० |

---

२६.७ **पोषण सुधारका लागि विद्यालयमा खानेपानी र सरसफाई योजना निर्माण -** .......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२३ को निर्णयबाट रु. १३,९०३ सम्परीक्षण गरिएको ।)

२६.८ **प्राविधिक धार सञ्चालन -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार शिक्षण सिकाई सामाग्रि तथा व्यवस्थापनका लागि प्रति विद्यार्थि लागत अनुदान ९ देखि १२ को प्राविधिक धार सञ्चालित रहेको विद्यालयका प्रति विद्यार्थि रु.१५,००० का दरले अनुदान उपलव्ध गराउने र सो रकमको तोकिएको मापदण्डका आधारमा सञ्चालन भए नभएको अनुगमन गर्नुपर्ने उल्लेख छ । पालिकाको जन विकास मावि बारबाज विद्यालयलाई त्यहा अध्यनरत विद्यार्थिको रु.१७,८५,००० अनुदान निकासा गरेकोमा सो विद्यालयका ल्याव सञ्चालन, प्रयोगात्मक सामाग्रि तथा ओजेटी रकमको विल भर्पाई रु.८,०३,९८५ मात्रको पेश गरेकोले अन्य रकमको प्रमाण पशे गर्नुपर्ने अन्यथा बढी रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१८,०१५ |

२६.९ **सेनीटरी प्याड खरिद -** पालिकाका कक्षा ६ देखि १२ सम्मका सामुदायीक विद्यालयका ९१६ छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड १०८९१ थान कोटेशनको माध्यमबाट प्रति थान रु.८१.३६ (मु अ कर सहित) को लागत अनुमान गरी समैजि सर्जिकल एण्ड सप्लायर्स (११२९५४०३५) बाट प्रति थान रु.७३.४५ का दरले कुल रु.७,९९,९४३.९५ (मु अ कर समेत) मा खरिद गरेको छ । स्यानीटरी प्याड (बितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले छात्राको नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, एक छात्रा लाई १० महिनाको एक चक्रमा बढीमा १६ वटा सम्म हुने गरी खरिद गर्नुपर्ने, प्याड खरिद गर्दा शैक्षिक सत्रको सुरुमै खरिद गरी विद्यालयलाई वितरण गर्ने, विद्यालयले सोको चौमासिक प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्ने स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाएनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा बजेट उपलव्धताको आधारमा खरिद गर्ने र विद्यालयलाई एकमुष्ठ वितरण गरेको तथा निर्देशिकामा तोकेको मापदण्ड अनुसार गुणस्तर परिक्षण गरेको प्रमाण समेत संलग्न नगरेको र तोके अनुसार अभिलेख समेत रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।

२७ **औषधि खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर विक्रि मूल्य सूची राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरेको र त्यस्तो उत्पादनकले स्थानीय डिलरलाई दिए सरहको छुट दिने गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद नहुने व्यवस्था छ । पालिकाले यस बर्ष औषधिजन्य सामाग्रि र औषधि सिलबन्दी दरभाउ पत्रको मार्फतबाट रु.१३,४९,९४८ को खरिद गरेको देखियो । नियममा तोकेको सिमा भन्दा बढीको औषधिजन्य सामाग्री तथा औषधि खरिद गरेकोमा स्थानीय डिलरलाई दिने सरहको मूल्यमा दिए नदिएको एकिन हुन सकेन । आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई जाँच गर्नुपर्ने, उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण जस्ता व्यहोराहरु खुलेको प्रमाण राख्नु पर्नेमा सो अनुसार गरेको

प्रमाण राखेको देखिएन । यस्तो अवस्थामा पालिकामा आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्पेशीफिकेशन अनुसार भएको छ भनि यकिन गर्न सकिएन । यसका अतिरिक्त बार्षिक खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक लाभ लिदै गुणस्तरिय औषधि तथा उपकरण खरिद गरी अद्यावधिक अभिलेख राखी वितरण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

२८. **विपद व्यवस्थापन कोषबाट खर्च** - दुहुँ गाउपालिका विपद व्यवस्थापन कोष संचालन निर्देशिका,२०७५ अनुसार स्थानीय स्तरमा हुनसक्ने सम्भाव्य विपदको जोखिम न्यूनिकरण तथा विपद व्यवस्थापका लागि आर्थिक तथा बस्तुगत सहायता परिचालन गर्ने र विपद जोखिम न्यूनिकरण,पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज गर्ने उद्देश्यले रहेको देखिन्छ । पालिकाले संरक्षित सामुदायिक वनको संरक्षण सम्बन्धि वन व्यवस्थापन कसरी गर्ने,यस सम्बन्धमा भएको कानूनी व्यवस्था बारे शिक्षा दिने कार्यका लागि ग्रामिण वातावरण तथा उद्यम विकास समाज नेपालसँग सम्झौता गरी रु.४,८५,९०० भुक्तानी गरेको देखियो । यस तालिको कार्यको मुख्य उद्देश्य भनेको वन क्षेत्र भित्रको काम नलाग्ने बोटविरुवाहरुलाई काटछाट गर्ने, पतल्याउने, एक्ल्याउने र झाडी सफाइ गर्ने , वनपैदावारको मौजदात स्थिती पत्ता लगाउने, वनपैदावारको वितरण गर्दा पुर्जी प्रक्रिया, टाचाँ प्रक्रिया, गाढ गघ्री र ओसार पसारको सम्वधमा कानूनी आधार लेखा तालिम दिई आर्थिक पादर्शीता तथा संचालन प्रक्रिया दुरुष्त हुने भएकोले संस्थागत विकासमा टेवा पुग्ने रहेकोले निर्देशिकाले लगेका कुनै पनि उद्देश्यसँग मेल खाने नदेखिएकाले निर्देशिका अनुसार कार्य गर्नुपर्ने देखियो ।

२९. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाखदेखि रु २० लाखसम्मको खरिद कार्य सिलबन्दी दरभाउपत्र र सोभन्दा बढीको बोलपत्रबाट गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले लागत अनुमान तयरा नगरी संगठन संरचना तर्जुमा गर्न हुनैनाथ कन्सल्टेन्सी प्रा लिलाई रु ७,७९,७०० भुक्तानि गरेको भएपनि पालिकाले हालसम्म स्विकृत गरेको देखिएन । तयसैगरी आवधिक योजना र मध्यकालीन खर्च संरचना निर्माणको लागि रु १९,०१,७३३अपि सैपाल विकास मञ्चलाई भुक्तानी दिएको छ । यस्ता खरिद लागत अनुमान तयार नगरी ३ वटा कोटेशन लिई सोझै खरिद सम्झौता गर्ने गरेको देखियो । उस्तै प्रकृतिका कार्यहरुलाई एउटै प्याकेज बनाई प्रतिस्पर्धा सुनिश्चितता हुने गरी कार्य गर्न सकिनेमा सो अनुसार भएको देखिएन । यस सम्बन्धमा स्वीकृत बार्षिक कार्यक्रम अनुसार बिभिन्न समयमा कार्य गर्नु परेकोले एउटै लागत अनुमान तयार गर्न नसकिएको कार्यालयको भनाई छ । कानूनमा भएको व्यवस्था बमोजिम बढी प्रतिस्पर्धा हुनेगरी कामको प्रकृति अनुसार एउटै लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका थप उदाहरणहरु देहायानुसार छनः

**(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३०. **ठे.नं. ०६।२०७८।७९ Construction of Janabikash Secondary School Barbaj** -

३०.१ ठे.नं. ०६।२०७८।७९ Construction of Janabikash Secondary School Barbaj कार्यको लागि पालिका र निर्माण व्यवसायी L.B. and A.B. Builders Pvt. Ltd. वीच कवोल अंक रु

३,७७,८३,४७०।२३(मू.अ.कर समेत) को मिति २०८०।०५।३१ मा काम सम्पन्न गर्ने गरी मिति २०७९।०३।०३ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

**क . निर्माण कार्यको म्याद -** भारतिय दुतावास र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र दुहु गाउँपालिकावीचको त्रीपक्षीय Memorandum of Understanding मा Project implementation period shall be 15 months from the date of signing of the contract agreement को व्यवस्था रहेको छ । आर्थिक बर्ष २०७९।८० मा यस निर्माण कार्यका लागि रु १,३४,५९,७४७ भुक्तानी भएको छ । यस निर्माण कार्यको म्याद लेखापरीक्षण अवधिसम्म समाप्त भएकोमा ३५.६२% मात्र प्रगति भएको छ । त्रिपक्षीय सम्झौतामा तोकिएको अवधिभित्र काम सकिने देखिएन । तोकिएको अवधिभित्र काम सम्पन्न गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान दिनु पर्दछ ।

---

३०.२ **ख . पेश्की घटी कट्टी -** SCC को GCC 57.3 मा Advance Deductions from payment certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 40% of the respective monthly interim payment certificate until such time as the advance payment has been repaid; provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ । प्रथम रनिङ्ग विल वापत रु १,३४,५९,७४७।५३ भुक्तानी भएको छ । खरिद सम्झौता अनुसार रु १,३४,५९,७४७।५३*०.४= रु ५३,८३,८९९।०० पेश्की फर्छ्यौट हुनुपर्नेमा रु ३५,००,०००।०० मात्र पेश्की फर्छ्यौट भई रु १८,८३,८९९।०० कम पेश्की फर्छ्यौट भएको देखिन्छ । सम्झौता विपरीत कम पेश्की फर्छ्यौट गर्दा निर्माण व्यवसायीलाई लाभ पुग्ने देखिन्छ । यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

---

३१. **ठे.नं. ०७।२०७९।०८० Construction of ward no.1 ward office Community Building Landslide control scheme** -

---

३१.१ ठे.नं. ०७।२०७९।०८० Construction of ward no.1 ward office Community Building Landslide control scheme निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी वीच कवोल अंक रु २३,१५,४४५।१४ (मू.अ.कर समेत) को मिति २०८०।०२।३० मा कार्यसम्पन्न गर्ने गरी मिति २०७९।१२।२२ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

**क . एकमुष्ट पेश्की -** SCC को GCC 57.1 मा Advance Payments Shall be : 10% of the contract amount excluding VAT, PS and Day works and shall be paid in two equal installments and to the Contractor को व्यवस्था रहेको छ । खरिद सम्झौता अनुसार मोविलाइजेशन पेश्की अधिकतम १०% ले हुने रकम रु २,०५,१९४।०० भुक्तानी हुनुपर्नेमा रु ४,००,०००।०० भुक्तानी दिएको छ । खरिद सम्झौताको सीमा भित्र रहेर मोविलाइजेशन पेश्की दिनुपर्दछ ।

---

३१.२ **ख . कार्य प्रगति -** खरिद सम्झौतामा तोकिएको अवधि भित्र कार्य सम्पन्न गर्नुपर्दछ । यस निर्माण कार्यको लागि हालसम्म रु रु ५,५८,८५९।०४ भुक्तानी भएको छ ।खरिद सम्झौताको २४.१४% मात्र काम

सम्पन्न गरी बाँकी काम अधुरो रहेको छ । निर्माण व्यवसायीवाट म्याद थपको लागि निवेदन दिएकोमा गाउँकार्यपालिकावाट मिति २०८०।०३।३० सम्म म्याद सकिएका सवै योजनाहरुको एकमुष्ट म्याद थप गरेको छ । लेखापरीक्षण अवधिसम्म थप कार्य प्रगति भएको छैन् । खरिद सम्झौता अनुसारको काम तोकिएको अवधिमा सम्पन्न गर्नुपर्दछ ।

---

## ३२. ठे.नं. ०३।२०७९।०८० Construction of Joshigau-Barbaj-Phara road -

---

३२.१ ठे.नं. ०३।२०७९।०८० Construction of Joshigau-Barbaj-Phara road निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी सोनी निर्माण सेवा वीच कवोल अंक रु ४८,७५,७१०।२३ (मू.अ.कर समेत) को मिति २०८०।०२।३० मा काम सम्पन्न गर्नेगरी मिति २०७९।१२।२१ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

**क . म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्वन्धी व्यवस्था रहेको छ । यस निर्माण कार्यको म्याद गाउँ कार्यपालिकावाट एकमुष्ट मिति २०८०।०३।३० सम्म थप भएको छ । अधावधिक प्रगति विवरण, डेली डायरी नराखी स्ववीवेकीय तवरवाट म्याद थप गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ । साथै म्याद थप गर्दा पेश्की जमानत र कार्यसम्पादन जमानतको म्याद थप गराई म्याद थप गर्नुपर्दछ ।

---

३२.२ **ख . पेश्की -** खरिद सम्झौताको SCC को GCC 57.3 मा Advance Deductions from payment certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 40% of the respective monthly interim payment certificate until such time as the advance payment has been repaid; provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ । प्रथम रनिङ्ग विल वापत रु २२,४१,६१४।५० भुक्तानी भएको छ । खरिद सम्झौता अनुसार यस विलवाट रु २२,४१,६१४।५०*०.४= रु ८,९६,६४५।८० अर्थात मोविलाईजेशन पेश्की भुक्तानी भएको सम्पूर्ण रकम रु ८,००,०००।०० पेश्की फर्छ्यौट हुनुपर्नेमा पेश्की फर्छ्यौट शुन्य रहेको छ । पेश्की जमानतको अवधि समाप्त भएकोमा अवधि थप नभएको , निर्माण कार्यको म्याद समाप्त भएकोमा लेखापरीक्षण अवधिसम्म पनि म्याद थप नभएको र थप काम लेखापरीक्षण अवधिसम्म शुरु नभएकोले पेश्की जोखिममा परेको देखिन्छ । अत : जोखिममा परेको पेश्की सम्वन्धित निर्माण व्यवसायीवाट असुल फर्छ्यौट हुनुपर्दछ रु.

---

## ३३. ठे.नं. १२।२०७७।०७८ Construction of Primary Hospital Building

---

३३.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचमै छोडेमा वा सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र त्यसरी सम्झौता अन्त्य भएमा पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित

क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस पालिका अन्तर्गत ठे.नं. १२।२०७७।०७८ Construction of Primary Hospital Building निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी जगदम्बा-कौशिक-यमुना जे.भि. वीच कवोल अंक रु ८,२९,६०,२५१।१५ (मू.अ.कर समेत) को मिति २०८०।०३।३१ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०३।१४ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

**क . अधुरो कार्य -** शूरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने अन्तिम म्याद सम्म काम शूरु नभई ठेक्का अधुरो रहेको छ । म्याद समाप्त भएकोमा म्याद थप माग भएको छैन् । निर्माण व्यवसायीकै कारणबाट उक्त ठेक्काको काम अधुरो रहन गएको अवस्थामा पालिकाले माथि उल्लेखित कारवाहीहरू गरी काम पूरा गराउनु पर्दछ । काम अधुरो रहँदा लगानी गरिएको रकमबाट प्रतिफल प्राप्त नभइ जनतालाई ठेक्काबाट प्राप्त हुनुपर्ने सेवा प्राप्त नहुने, ठेक्काको संख्या वृद्धिसँगै ठेक्का प्रशासन जटिल बन्दै जाने र पेश्की फछ्र्यौट नभई पेश्कीको जोखिम वृद्धि हुने भएकोले कानूनी व्यवस्थाहरूको कार्यान्वयन गरी अधुरो ठेक्काको काम पूरा गरिनुपर्दछ ।

३३.२ **ख . कार्यसम्पादन जमानत जफत -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता वमोजिम काम शुरु गरी वीचैमा छाडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै वखत अन्त्य गर्न सक्ने र दफा ५९(७) मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौता वमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता वमोजिम कार्य नगर्ने वोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ । यस ठेक्काको निर्माण कार्य शूरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने अवधि सम्म पनि काम शुरु भएको छैन । निर्माण व्यवसायीवाट म्याद थप माग भएको देखिएन र म्याद थप भएको छैन् । आ.व. २०७९।८० मा कुनै काम भएको छैन् र म्याद थप समेत भएको छैन् । ठेक्काको म्याद समाप्त भएको, म्याद थप माग नभएको, कामको प्रगति शुन्य रही काम अलपत्र रहेकोले कार्यसम्पादन जमानत वापतको रकम रु १,०६,२७,६०० जफत हुनु पर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०६,२७,६०० |

३३.३ **ग. पेश्की जोखिम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता वमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समय भित्र सम्पादन नगरेको कारणले यस नियम वमोजिम पेश्की फर्छ्यौट हुन नसकेमा सार्वजनिक निकायले पेश्की बैंक जमानतको रकम सम्वन्धित बैंकबाट प्राप्त गरी पेश्की फर्छ्यौट गर्नुपर्ने र निजवाट त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशत व्याज समेत असुल गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागि आर्थिक बर्ष २०७७।७८ मा रु ५८,००,००० पेश्की भुक्तानी भएकोमा हालसम्म पनि निर्माण व्यवसायीले काम शुरु गरेको छैन् । पेश्की जमानतको अवधि (२०७९।०३।२३) समाप्त भएकोमा पेश्की जमानतको म्याद थप समेत भएको

छैन् भने सम्झौता अनुसारको काम शुरु नै गरेको छैन् । काम शुरु नै नगर्दा समेत समयमा पेश्की असुल गरेको देखिएन जसले गर्दा पेश्की जोखिममा परेको छ । व्याज सहित पेश्की रकम असुल हुनुपर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,००,००० |

३३.४ **घ. पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायिको ढिलाइको कारणवाट खरिद सम्झौता वमोजिम तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ । यस निर्माण कार्यको अवधि २ बर्ष (२०८०।०३।३१) रहेकोमा उक्त अवधि समाप्त हुदाँसम्म कार्य आरम्भ गरेको छैन । नियमावली वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाई बाँकी काम निर्माण व्यवसायीवाट गराउनु पर्दछ ।

३४. **उपभोक्ताबाट निर्माण कार्य -** सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको कारोबारमा लागत अनुमानमा समावेश नभएको परिमाण प्राविधिकबाट भुक्तानी सिफारिस भई भुक्तानी भएको छ । गत वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ढुङ्गाको पर्खाल लगाउने तथा सोलिङ गर्ने कार्य भएकोले यस वर्ष पिसिसि गर्ने कार्य दिएको हुदा सोलिङको अंश नदिएको पालिकाले जनाएको छ । लागत अनुमान तयार गर्दा यस्तो कार्यको विस्तृत खुलाउनु पर्दछ साथै पालिकाबाट अनुगमन गर्दा उक्त व्यहोरा पनि उल्लेख गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३५. **उपभोक्ता समितिबाट खरिद -** कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्दावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको सफ्ट कपी बिबरण अनुसार गत बिगत र यो वर्षमा शुरुवात भइ काम भएका १०२ वटा योजनाहरु संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको रु ४६०६०७०२। को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु ४,४८,३२,९२०को कार्य भएको देखिएकोमा रु.५८,२०,२५३ को कार्य जनसहभागिताबाट गरी रु ५०६५३१७३। भुक्तानी भएको बिबरण पेश भएको छ । यस वर्ष कुल पूजिगत खर्च रु १०,४७,७८,१४२मध्ये उपभोक्ताबाट ४३.९६ प्रतिशत उपभोक्ताबाट सम्पादन गरेको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

**१.** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा २, दफा ४ उपदफा १ खण्ड

ञ र दफा ४ को उपदफा १ खण्ड ट को व्यवस्था अनुसार कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिँदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

**२. भुक्तानीको सिफारिस -** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । उपभोक्ताबाट सम्पादित कार्य केहिमा फोटो संलग्न भएको भएतापनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिँदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

**३. कामको नापजाच र हस्तान्तरण-** योजनाहरुको नापी कितावमा प्राविधिक कर्मचारीको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, प्रमुख प्रशासकिय अधिकृत र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्यांकन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले संचालन गरेका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन । अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको एकिन गर्न सकिएन । पालिकाले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

**४. जनसहभागिता-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । नगरपालिकाले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । कतिपय मेशिनबाट काम गर्ने कार्यको लागि उपभोक्ता समितिका विजकमा डोर हाजिरी संलग्न राखेको देखियो । कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट पेश भएका प्रमाणहरु एक अर्कामा मेल भएको देखिदैन । प्राविधिक विलमा उल्लेख भएको निर्माण सामग्री बराबरको सिमेन्ट, रड, इटाको विजक नराखि डोर हाजिर भुक्तानी भएको परिमाण भन्दा बढिको राखेको देखिन्छ । यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन । पालिकाले यस सम्वन्धमा आवश्यक निति अख्तियार गर्नुपर्दछ । साथै, उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

**५. सार्वजनिक परिक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने(विद्यालय भवनहरु), मन्दिर निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

**६.** बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

**७. अनुगमन समिति -** गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा

उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

**८. म्यादथप -** पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

**९ जटिलसंरचना निर्माण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गरेका निर्माण कार्यहरु मध्ये अधिकाशं निर्माण कार्य आर सि सी फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण, सडक ढलान गर्ने, मन्दिर निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

**१०.** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी,२०७५ को दफा ३ उपदफा २, दफा ४ उपदफा १ खण्ड ञ र खण्ड ट लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा कुल लागत रु १ करोडसम्म भएको र स्थानीय सीप, स्रोत साधन उपयोग हुने श्रममूलक आयोजना उपभोक्ता समितिबाट कार्य गराउन सकिने, जटिल प्रकृतिका र उपभोक्ता आफुले गर्न नसकिने कार्यहरु उपभोक्ता समितिबाट गराउन नहुने आदि सम्बन्धी प्रावधानहरु रहेका छन् । पालिकाले कार्यान्वयनमा ल्याएको कार्यविधिको दफा १६ ङ सँग सम्वन्धित अनुसूची ६ मा निर्माण सामग्रीमा भएको खर्च, ज्याला, मसलन्द सामान, दैनिक भ्रमण भत्ता, प्राविधिक निरीक्षण वापत खर्च र अन्य खर्चको विवरण समावेश गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार भुक्तानी भएका योजनाहरु परीक्षण गर्दा आयोजनाको लागत अनुसार खर्च रकम कम भएको देखिन्छ । पालिकाले कार्यान्वयनमा ल्याएको कार्यविधि, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा भएको व्यवस्था बमोजिम उपभोक्ता समितिको गठन, संचालन, योजनाहरुको सम्झौता, योजनाहरुको कार्यन्वयन, योजना अनुगमन, पेश्की फछ्र्यौट, योजनाहरुको कार्य सम्पन्न, योजना फरफारक लगायतका विषयहरुको पूर्णपालना भएको देखिदैन । उपरोक्त व्यवस्था बमोजिम काम भएको हो भनी आश्वस्त हुन नसिकएका उपभोक्ता समितिबाट सम्पादित योजनाहरुको विवरण अनुसूची १ मा संलगन छ ।

३६. **भुक्तानी -** सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । निम्न कारोबारमा देहाय बमोजिम भुक्तानी बढी/दोहोरो/दिननमिल्ने दिएकोले असुल हुनुपर्ने रु (विवरण अनुसूचिमा उल्लेख छ ।)

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२३ को निर्णयबाट रु.९३,६०० सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५८,३८४ |

**(विस्तृत विवरण बेरूजु दफा ३६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३७. **कपरसिट खरिद -** हुनैनाथ मन्दिर छत निर्माणमा पालिकाले रु २,८८,००० र उसबाट रु ४३,२०० गरी रु ३,३१,२०० को लागत अनुमान तयार गरी Copper sheet Roofing work with nails nuts bolts २७ घनमिटर रु ११,००० प्रति घनिमटर तयार गरी सोही बमोजिम नापीलिई उपभोक्ता व्यवस्थापन खर्च रु २,९२२ सहित रु.२८७,९९७ भुक्तानी गरेको छ । उक्त खरिद गरेको कपर सिटको विजक पेश भएको छैन । उपभोक्ताको रोजगारी सृजना नहुने गुणस्तर कायम गर्न कठीन हुने कार्यक्रम उपभोक्ताबाट गराउनु नियमसम्मत देखिदैन । कपरसिट खरिदको भुक्तानी नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,९७,००० |

३८. **प्रमाण पेश गर्नुपर्ने -** सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवाली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा निम्नानुसारको प्रमाण संलग्न नगरेकोले प्रमाण पेश गर्नपर्ने देखिएको रु (विवरण अनुसूचिमा समावेश रहेको छ ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,८९,६४० |

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३९. **राजस्व अभिलेख र असुली -**

३९.१ कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रु.२९,९८,८६५.८४ राजस्व असुली भएकोमा राख्नुपर्ने मलेप फारामहरुको अभिलेख नराख्नुको साथै प्राप्त हुनुपर्ने र प्राप्त भएको आम्दानी परिक्षण गर्ने आन्तरिक प्रणाली समेत नगरेको हुँदा प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन हुन सकिएन । साथै पालिकाबाट रसिद ठेलिहरु

छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन यकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।

---

३९.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने तथा त्यसरी जम्मा नगरे २५ प्रतिशत सम्म जरिवाना लगाउने व्यवस्था छ। पालिकाभित्रका ६ वडाहरुबाट यस बर्ष रु.२९९८,८६५.६२ आम्दानी गरेकोमा नगदी रसिदको ठेलीको के कति खर्च भएको हो सोको विवरण नराखेको र राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता १०८ (क), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता१०८ (ख), राजस्वको बैङ्क हिसावमिलान विवरण, १५ (क) जस्ता फारामहरु पेश नभएकोले के कति राजस्व आम्दानी भएको हो यकिन गर्न सकिएन । पालिकामा वडाहरुले जम्मा गरेको तथा पालिका राजस्व शाखाबाट असुल भई जम्मा भएको भौचरका आधारमा परीक्षण गर्दा ऐनमा तोकेको अवधिमा जम्मा नगरेकोले पालिकाबाट यकिन गरी ढीलो जम्मा गर्नेलाई ऐन अनुसार जरिवाना असुल गरी राजस्व असुल कार्यलाई पारदर्शि तथा प्रभावकारी बनाउनुपर्ने ।

---

४०. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ । मुत्थला देखि दुर्गा मन्दिर सम्मको पिसिसि गर्ने कार्यमा ढुङ्गाको सोइलिङ चेनेज 0+000 देखि 0+0212 सम्म २१२ मिटर सम्म गरेको छ । पिसिसि गर्ने चेनेज नं 0+000 देखि 0+0180 र 0+220 देखि 0+279 सम्म गरेको छ । ढुङ्गा विच्छ्याउने कार्य पश्चात पिसिसि गर्ने भएकोले ढुङ्गा विच्छ्याउने नगरेको चेनेज 0+220-0+279 मा पिसिसिको लागि ३.८९ घ.मि. को रु.१७,४२५को विओक्यु दरले हुने रु ६७७८४। तथा पिसिसि नगर्ने स्थानमा सोइलिङ भएको ३२ मिटरको रु ११५२० सहित जम्मा रु ७९३०४ बढी भुक्तानी भएको छ । कार्यालयले विगत वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ढुङ्गाको सोलिङ गरी उपभोक्ताबाट पिसिसि यस वर्ष गरेकोले सोलिङको अंश भन्दा पिसिसिको अंश बढी भएको जनाएको छ । यस्तो कार्यमा सुधार गरी गत वर्ष भएको कामको अभिलेख चुस्तदुरुस्त राखि यस वर्षको लागत अनुमानमा खुलाई प्राविधिक विजक उठान गर्नुपर्दछ ।

---

४१. **बैठक खर्च -** ........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु.११,०८५ सम्परीक्षण गरिएको ।)

---

**संपरीक्षणबाट थप भएको बेरूजु -**

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१(१) मा पूर्व योग्यताको प्रस्ताव, बोलपत्र, परामर्श सेवाको आवश्कता मूल्यांकन गर्न सार्वजनिक निकायले मूल्यांकन समिति गठन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७(१) मा सार्वजनिक निकायमा कानून अधिकृतको दरवन्दी रहेको भए कानून अधिकृत १ समेत छ जना मूल्यांकन समिति रहने र विषय विशेषज्ञता भएकालाई वैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था छ । कार्यालयमा कानून अधिकृत दरवन्दी रहेको देखिएन । मूल्यांकन समितिमा कानून अधिकृत समेत ५ जना रहनुपर्नेमा सो पद नभएको अवस्थामा पनि कार्यालयले मूल्यांकन समितिमा ५ जना सदस्य भन्दा बढि र ७ जना आमन्त्रित राखि वैठकमा खर्च गरेको देखियो । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायानुसार छनः<br><br>१. 65-2079/12/29 बाट बोलपत्र मूल्यांकनको लागि ९ पटक बैठक वसेकोमा ४५ जनालाई बैठक भत्ता वितरण गर्नुपर्नेमा ८८ जनालाई वितरण गरेको देखिएकोले बढि भएको कर वाहेक रु ३६५५०। असुल हुनुपर्दछ ।<br><br>३. 131-2080/2/4 कार्यालयका कर्मचारीमात्र रहेको बैठकमा बैठक भत्ता लिन मिल्ने देखिदैन । खरिद समितिको बैठक वसेको भनी यस भौचरबाट भुक्तानी भएको रकम रु ७२०००। असुल गर्नुपर्दछ । | 108550.00 |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: दुहुँ गाउँपालिका, दार्चुला , दुहुँ गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विर सिंह धामी | २०८०-१-२१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | भुपेन्द्र सिंह बडाल | २०७८-४-१ | २०७९-१२-१६ |
| लेखा प्रमुख | गोपाल सिंह विष्ट | २०७७-४-१ | २०७९-६-६ |
| लेखा प्रमुख | गणेश दत्त भट्ट | २०७९-८-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण-

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १८,१८१,५०१ | ६४७,००० | १,३४१,०४६ | ० | ० | ८००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २०,९६९,५४७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २८४,२१० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | १०८,५५० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २०,७९३,८८७ |

स्थानीय तह -

| **गत बर्षको जिम्मेवारी** | | ५२८५७६५५.२७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६१५१३६१६.२ | **चालु खर्च** | २२९५२१०४४.१ |
| **प्रदेश सरकारबाट अनुदान** | १३६१७५१९ | **पूँजीगत खर्च** | १०४४६२१४२.४ |
| **राजश्व बाँडफाँट** | ५२४०६००८.९७ | **वित्तीय/अन्य व्यवस्था** | ७३५२८०९७.२१ |
| **आन्तरिक आय** | २९९८८६५.६२ | | |

| | | | |
|---|---|---|---|
| **अन्य आय** | ७१२७२३१८.२५ | | |
| **कुल आय** | ४०१८०८३२८.०४ | **कुल खर्च** | ४०७५११२८३.७१ |
| **बाँकी मौज्दात** | | ४७१५४६९९.६ | |

**बेरूजु दफा ८ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| पेश्की प्रयोजन | पेश्की लिने | रकम |
|---|---|---|
| गाउँपालिकाको भवन निर्माण वडा नं. २ | वाई आर कन्स्ट्रक्सन प्रा.लि | ४०७९१४५. |
| नविकास मा.वि. बारबाज विद्यालय भवन निर्माण (जोड कोष) | एल.बि.एण्ड ए.बि. बिल्डर्स प्रा.लि. | ३१००००० |
| जोशीगाउँ बारबाज फारा सडक निर्माण वडा नं. ३, ४ र ५ | सोनि निर्माण सेवा | २०००००. |
| प्रदेश समपुरक जोड कोष | सोनि निर्माण सेवा | २०००००. |
| जोशीगाउँ बारबाज फारा सडक निर्माण वडा नं. ३, ४ र ५ | सोनि निर्माण सेवा | २०००००. |
| प्रदेश समपुरक जोड कोष | सोनि निर्माण सेवा | २०००००. |
| गौरिलमाण्डौ मा.वि. हिकिलामा परिक्षा हल सहितको भवन निर्माण (जोड कोष) | नमस्कार निर्माण तथा ढुवानी सेवा | २२६७०००. |
| विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्री गौरिलमाण्डौ माध्यमिक विद्यालय हिकिला | ११०००००. |
| विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्री भुमिराज आधारभुत विद्यालय (१-८) कम्दा | ११०००००. |
| दुहुँ गाउँपालिका चक्रपथ | मष्टमालिका निर्माण सेवा | ३०००००. |
| दुहुँ गाउँपालिका चक्रपथ | मष्टमालिका निर्माण सेवा | ३०००००. |
| झोलुङ्गे पुल जोड कोष | समाज कल्याण समाज | ७०,०००.०० |

| | | |
|---|---|---|
| थल सिलिङचौरा झो.पु. बाट गाउँपालिका भवन सम्म पदमार्ग | थल सिलिङ्चोरा झो पु बाट गाउँपालिका भवन सम्म पदमार्ग उ.स. | ४७५०००. |
| सेवा र परामर्श खर्च | दार्चुला बिकास संगठन | १३००००. |

**बेरूजु दफा १७ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| सि.नं. | भौचर नं/मिति | विवरण | रकम रु |
|---|---|---|---|
| 1 | 38-2079/8/29 | प्रयोजन नखुलाई 2079/5/10-6/1 सम्मको टयाक्टर भाडा भुक्तानी भएकोले प्रयोजन खुलाउनुपने खुलाएको छैन । पालिकाले बर्षान्तमा सामान ओसार पसर गर्न आवश्यक परेकोले उपयोग गरिएको जनाएको छ । | ७१६००.० |
| 2 | 114-2079/10/5 | बैंकबाट भुक्तानी हुने सामाजिक सुरक्षा वितरण खर्च भुक्तानी खर्च लेखेको छ । साविक वडा सचिवबाट हुदै आएको यस्तो कार्यमा सुधार गरी बैंक मार्फत हुदै आएकोमा पुन सोही किसिमको कार्य गर्नुको औचित्यता नहुने हुदा यस्ता खर्चमा सुधार गर्नुपर्दछ । | १६४१८५.० |
| 3 | 148-2079/10/12 | वृक्षारोपण गरेको भनि भुक्तानी भएकोमा स्थान र नापी किताव पेश नगरी खर्च लेखेको छ । वडा कार्यालयको सिफारिशको आधारमा यस्तो रकम भुक्तानी गरेको जनाएको छ । यस्तो कार्यमा सुधार गरी स्पष्ट स्थान र प्राविधिक विजकको आधारमा भुक्तानी लेख्नुपर्दछ । | १८३२९५.० |
| | | जम्मा | ४१९०८०.० |

**बेरूजु दफा २९ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| भौचरनं/मिति | विवरण | रकम रु |
|---|---|---|
| 83-2080/1/29 | फर्निचरखरिद रकम | ७१९६८५.० |
| 84-2080/1/29 | मेशिनरीसामान खरिद | ५५५१६९.० |
| 153-2079/10/13 | कार्यालयसामान खरिद | ९९४९६५.० |
| | जम्मा | २२६९८१९.० |

**बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची -८**

| क्र स | भौचर नं/मिति | विवरण | रकम रु |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | 90-2080/1/31 | खोल्टी घर देखि घाराङ सम्म पिसिसि बाटो निर्माण कार्यको नापी कितावमा आइटम नं. ३ को पिसिसि एम १० ग्रेडको लागि लम्बाई १७८ मिटर चढाएको छ ।उक्त कार्य ढुङ्गाको सोइलिङ माथि गरिने हुदा सोइलिङ गर्ने कार्य 35.60 मिटर उल्लेख गरेको छ । सोइलिङ गर्ने लम्वाई भन्दा पिसिसि गरेको लम्वाई १४२.४ मिटर बढी देखिएकोले सो वापत 11.26 घनमिटर बढी पिसिसिको रु 17178। प्रति घनमिटरको दरले हुने रु 193490। भुक्तानी भएको छ । | १९३४९०.० |
| २ | 119-2080/2/10 | कुणेलगाडा टुक्काघर पिसिसि गर्ने कार्यको आइटम नं. ३ मा को पिसिसि गर्ने कार्य सोलिङ नगरेको चनेज नं. 0+62.6 देखि 0+112.10 सम्म 7.83 घनमिटरको रु 16397 प्रति घनमिटरको दरले रु 128388। भुक्तानी भएको छ । | १२८३८८.० |
| ३ | 136-2080/2/18 | टिङ्कर सडक सल्ली देखि ... को निर्माण कार्यमा Flat stone soiling १६२*1.3*0.5 दिएको छ भने PCC Over soiling मा 186*1.2*0.07 दिएको छ । Soiling भन्दा बढी पिसिसि २४ मीटर बढीको विओक्युर दर १६१००। को दरले हुने रु 32458। भुक्तानी गरेको छ । | ३२४५८.० |
| | | जम्मा | ३५४३३६.० |

**बेरूजु दफा ३६ सँग सम्बन्धित विवरण - अनुसूची -९**

| क स | भौचर नं/मिति | विवरण | रकम रु |
|---|---|---|---|
| १ | 211-080/3/23 | दैनिक भ्रमण आदेशमा पालिकाबाट खर्च व्यहोर्ने उल्लेख नगरी पालिका वाहिरका कर्मचारी किरणराज जोशीलाई महेन्द्रनगरको भ्रमण भत्ता भुक्तानी गरेको छ । यस भौचरमा संलग्न अन्य कौशल ढुङ्गाना सहितको भुक्तानी भएको रकम पालिकाबाट व्यहोर्नुपर्ने देखिदैन यस्तो रकम असुल हुनुपर्दछ । | ५८४७८.० |
| २ | 206-2080/3/22 | कार्यक्रम स्विकृत वेगर सामुदायिक ग्रामिण विकास समाज नेपालको नाममा क्रियाकलाप नखुल्ने गरी विभिन्न क्रियाकलाप गरेको उल्लेख गरी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ । | २९९९०६.० |
| | | जम्मा | ३५८३८४ |

**बेरूजु दफा ३८ सँग सम्बन्धित विवरण - अनुसूची -१०**

| क स | भौचर नं/मिति | विवरण | रकम रु |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | 123-2080/2/10 | आवि फेराको पिसिसि गर्ने कार्य पेश भएको फोटो अनुसार वालको चौडाइको सानो अंश मात्र गरेको देखिन्छ । प्राविधिक विजकमा चौडाइ वरावरको नाप दिई भुक्तानि गरेको देखिएकोले प्राविधिकबाट पुन नापी गरी पेश गर्नुपर्ने देखिएको रु | १९२०००.० |
| २ | 129-2080/2/12 | सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण निजाङको मेनअल माटो खन्ने कार्य लामो वाल २ वटा 5.8 मिटर र चौडाइ 0.45 तथा छोटो वालको एउटा मात्र ९ मिटर र चौडाइ 0.45 मिटर दिएको छ । ढुङ्गाको सोलिङको कार्य लामो वाल 5.85*0.45*0.15 र छोटो वाल 2.7*0.45*0.15 रहेकोले खन्ने कार्यको लागि ९ मिटर दिएकोमा वाल लगाउने कार्य 2.7 मिटर मात्र दिएको देखिन्छ । यस्तो फरकपनाको कारण उल्लेख गरेको छैन । प्राविधिकबाट पुन एकिन गराउनुपर्ने देखिएको रु | ५७५६००.० |
| ४ | 208-2080/3/23 | पाइप खरिद भइ भुक्तानि भएकोले प्रयोग भएको स्थान र नापी विवरण पेश गर्नुपर्ने देखिएको रु | १२२०४०.० |
| | | जम्मा | ८८९६४०.० |